अनुसूची-१६

(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

# श्री तिनतले सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. २, सितापुर, दाङ

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

गादी राम वली
अध्यक्ष

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०१/३१**

श्री तिनतले सामुदायिक वन उपभोक्ता समूह बबई गाउँपालिका वडा नं.-२, सितापुर, दाङको आ.व. २०८१/०८२ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार बबई गाउँपालिका वडा नं. ५, जौबारी, दाङमा घाट्गद्दी गरी राखिएको निम्न लटको तपशिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौ) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

### तपसिल

१. वन पैदावारको विवरण

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु) | काठ/ दाउरा संकलन खर्च |
| १ | २,४,५ र ६ | साल | गोलिया | A | २ | ३१.९३ | १२५० | ३९९१२.५० | ११६८७२.६० |
| | | | | B | १२ | ११०.२३ | ९०० | ९९२०७.०० | |
| | | | | C | ६५ | ३४१.२४ | ६०० | २०४७४४.०० | |
| | | | | D | ६९ | २०७.२९ | ३०० | ६२१८७.०० | |
| | | जम्मा | | | १४८ | ६९०.६९ | | ४०६०५०.५० | |
| | | असना | गोलिया | B | ५ | ३७.१७ | ३०० | १११५१.०० | |
| | | | | C | ३५ | १३८.५६ | १०० | १३८५६.०० | |
| | | जम्मा | | | ४० | १७५.७३ | | २५००७.०० | |
| | | जामुन | गोलिया | B | ३ | २८.८५ | ३०० | ८६५५.०० | |
| | | | | C | १ | ३.७५ | १०० | ३७५.०० | |
| | | जम्मा | | | ४ | ३२.६० | | ९०३०.०० | |
| | गोलिया जम्मा | | | | १९२ | ८९९.०२ | | ४४००८७.५० | |
| | साल | | दाउरा | | | ८.०० | १२००० | ९६०००.०० | ११५००० |
| | अन्य | | | | | २.०० | ४००० | ८०००.०० | |
| | दाउरा जम्मा | | | | | १०.०० | | १०४०००.०० | |
| | लट नं. १ को जम्मा | | | | | | | ५४४०८७.५० | २३१८७२.६० |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८२/०२/२० गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८१/०२/२१ (ख) समय १२.०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड, हापुरे, दाङ शाखामा रहेको खाता नं. ०६००१००३८१७२५१००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

अनुसूची-१६
(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री तिनतले सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ५, सितापुर, दाङ

४. बोलपत्र फारम लट नं.१ को लटको रु. १०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस तिनतले सामुदायिक वन उपभोक्ता समूहको बबई गा.पा.-५, जौबारी, दाङमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/०२/२१ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र साकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्दी कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेखुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

गादी राम थलो
अध्यक्ष